बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

प.सं.- क.प्र./२०८०/०८१
च.नं.- ६२

मितिः २०८०/०४/०५

विषयः- आ.व. २०७९/०८० को का.स.मु. फाराम मूल्याङ्कन बारे।

श्री प्रदेश मन्त्रालय, सचिवालय/आयोग/कार्यालय सबै,
श्री स्थानीय तह सबै,
बागमती प्रदेश, हेटौंडा ।

उपर्युक्त विषयमा यस कार्यालय, र प्रदेश मन्त्रालय/सचिवालय एवं मातहतका निकायमा कार्यरत कर्मचारीहरुले भरि पेश हुने आर्थिक वर्ष २०७८९/०७९ को कार्यसम्पादन मूल्याङ्कन गर्ने विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८०/०८१, च.नं. ०७ , मिति २०८०/०४/०१ को यसै साथ संलग्न पत्रबाट लेखि आएबमोजिम यस कार्यालयको मिति २०८०/०४/०५ को निर्णय बमोजिम (प्रमुख सचिवस्तर) अनुसार देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१. यस प्रदेशका मन्त्रालय/सचिवालयका उप सचिव (कानून) र कानून अधिकृतहरुको कार्यसम्पादन मूल्याङ्कनको लागि, उप सचिव (कानून ) को हकमा सम्वन्धित मन्त्रालयको सचिवले सुपरिवेक्षण गर्ने र पुनरावलोकन समितिको मूल्याङ्कनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने र कानून अधिकृतहरुको हकमा सम्वन्धित उप सचिवले सुपरिवेक्षण र सम्वन्धित सचिवले पुनरावलोकन गरी पुनरावलोंकलन समितिको मूल्याङ्कनको लागि उल्लेखित मन्त्रालयमा पठाउने । यदि दुई तहको मूल्याङ्कन गर्ने अधिकारी नभएमा सुपरिवेक्षणको मूल्याङ्कन गराई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने ।

अन्य मन्त्रालय र प्रदेश सभा सचिवालयमा कार्यरत कर्मचारीको हकमा

२. सम्वन्धित मन्त्रालय/प्रदेश सभा सचिवालयमा सचिव (राजपत्रांकित प्रथम श्रेणी/एघारौं तह) को कर्मचारी प्रमुख नरहेको अवस्थामा अधिकृत नवौं र दशौं तह वा सो सरहको (नेपाल न्याय सेवा बाहेक) पदको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका लागि प्रदेश सभा सचिवालयका कर्मचारीको हकमा प्रदेश सभा सचिवालयको सम्पर्क मन्त्रालय आन्तरिक मामिला तथा कानून मन्त्रालय भएकोले सो मन्त्रालयको सचिवले सुपरिवेक्षण गर्ने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रशासन महाशाखा हेर्ने सचिवले पुनरावलोकन गरी प्रमुख सचिवज्यूको अध्यक्षतामा सुपरिवेक्षक र पुनरावलोकनकर्ता सदस्य रहेको पुनरावलोकन समिति रहने तथा सम्बन्धित मन्त्रालय/प्रदेश सभा सचिवालयमा सचिवमा राजपत्रांकित प्रथम श्रेणी वा एघारौ तहको कर्मचारी प्रमुख रहेको अवस्थामा अधिकृत नवौं र दशौं तह वा सो सरहको (नेपाल कानून सेवाको बाहेक) पदको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका लागि सम्वन्धित मन्त्रालय/प्रदेश सभा सचिवालयको राजपत्राङ्कित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको सचिव सुपरिवेक्षक, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिवले (बैठक तथा प्रशासन महाशाखा प्रमुख) पुनरावलोकन गरि प्रमुख सचिवज्यूको अध्यक्षतामा सुपरिवेक्षक र पुनरावलोकनकर्ता सदस्य रहेको पुनरावलोकन समिति रहने ।

फोन नं.०५७५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स नं.: ५२७५०७ वेबसाइटwww.ocmcm.bagamati.gov.np ईमेलocmcm.bagamati@gmail.com

प.सं.- क.प्र./२०८०/०८१

च.नं.- ३. सम्वन्धित मन्त्रालय/प्रदेश सभा सचिवालयको सचिवमा राजपत्राङ्कित प्रथम श्रेणी वा एघारौं तहको प्रमुखमा अधिकृत नवौं तह र दशौं तह वा सो सरहको कर्मचारी समेत कार्यरत नभएको अवस्थामा अधिकृत छैठौं, सातौं र आठौं तह वा सो सरहको पदको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका लागि मन्त्रालयको हकमा यस कार्यालयमा पेश गर्ने र प्रदेश सभा सचिवालयका कमर्चारीको हकमा प्रदेश सभा सचिवालयको सम्पर्क मन्त्रालय आन्तरिक मामिला तथा कानून मन्त्रालय भएकोले सो मन्त्रालयको अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको पदको कर्मचारीले सुपरिवेक्षण गर्ने र सोही मन्त्रालयको सचिवले पुनरावलोकन गरी पुनरावलोकन समितिको मूल्याङ्कनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रमुख सचिवज्यूको अध्यक्षतामा सुपरिवेक्षक र पुनरावलोकनकर्ता सदस्य रहेको पुनरावलोकन समिति रहने ।

४. प्रदेश मन्त्रालयहरु र प्रदेश सभा सचिवालय वा अन्य केन्द्रीय निकायहरुमा रा.प. प्रथम श्रेणी वा एघारौं तह र अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको पदको सम्वन्धित सेवा समूहको कर्मचारी नरहेको अवस्थामा अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको अर्को सेवा समूहको कर्मचारी कार्यरत भएको भए पाँचौ तह सम्मको कर्मचारीहरुको अधिकृत, अधिकृतस्तर सातौं/आठौं तहको कर्मचारीले सुपरिवेक्षण गरि नवौं/दशौं तह वा उप-सचिवले पुनरावलोकन गर्ने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रशासन महाशाखा हेर्ने सचिवको अध्यक्षतामा सुपरिवेक्षक र पुनरावलोकनकर्ता सदस्य रहेको पुनरावलोकन समिति रहने । प्रदेश सभा सचिवालयको हकमा बुँदा नं. ३ मा उल्लेख भए बमोजिम आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवको अध्यक्षतामा सुपरिवेक्षक र पुनरावलोकनकर्ता र पुनरावलोकन समिति रहने ।

५. यस प्रदेश अन्तर्गतका पालिकाहरुमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गर्नका लागि सुपरिवेक्षक र पुनरावलोकन समितिको अध्यक्ष तोक्ने सम्वन्धमा यसैसाथ संलग्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको उल्लिखित पत्रको बुँदा नं. (४.४ र ४.७) बमोजिम हुने गरि काठमाण्डौं महानगरपालिका बाहेकका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाका दशौं तहका कर्मचारीहरुको मूल्याङ्कनका लागि प्रमुख प्रशासकिय अधिकृत सुपरिवेक्षक र सम्वन्धित प्रदेशको प्रमुख सचिवले तोकेको सम्वन्धित सेवाको एघारौं तह वा रा.प. प्रथम श्रेणीको कर्मचारी पुनरावलोकनकर्ता भई देहायको समिति हुने व्यवस्था रहेको छ ।

क. प्रमुख सचिव - अध्यक्ष

ख. प्रमुख सचिवले तोकेको सम्वन्धित सेवाको रा.प. प्रथम श्रेणी वा एघारौं तहको अधिकृत - सदस्य

ग. प्रमुख प्रशासकिय अधिकृत - सदस्य

यस सम्वन्धमा यस कार्यालयमा उल्लेख भए बमोजिमका पालिकाहरुबाट प्राप्त हुने अधिकृतस्तर दशौं तहका कर्मचारीहरुको आ.व. २०७९/०८० को का.स.मू. फाराम मूल्याङ्कनको लागि देहाय बमोजिमको प्रशासन महाशाखा हेर्ने सचिव वा सम्वन्धित सेवाको पुनरावलोकनकर्ता र पुनरावलोकन समिति सदस्य रहने छ ।

बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

प.सं.- क.प्र./२०८०/०८१
च.नं.-

| सि.नं | सेवा | पुनरावलोकनकर्ता र पुनरावलोकन समिति सदस्य |
|---|---|---|
| १ | नेपाल प्रशासन | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शा.सुधार महाशाखा) |
| २ | नेपाल ईन्जिनियरिङ्ग | सचिव, ईन्जिनियरिङ्ग सेवा सञ्चालन गर्ने सम्बन्धित मन्त्रालय |
| ३ | नेपाल वन | सचिव, वन तथा वातावरण मन्त्रालय |
| ४ | नेपाल कृषि | सचिव, कृषि तथा पशपन्छी विकास मन्त्रालय |
| ५ | नेपाल स्वास्थ्य | सचिव, स्वास्थ्य मन्त्रालय |
| ६ | नेपाल शिक्षा | सचिव, सामाजिक विकास मन्त्रालय |

उल्लेखित मन्त्रालयका सचिवहरु तत्काल उपस्थित हुन नसक्ने अवस्थामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपलब्ध सचिव सदस्य रहने ।

१. काठमाण्डौं महानगर कार्यपालिकाका दशौं तहका कर्मचारीहरुको हकमा संलग्न संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको उल्लिखित पत्रको बुँदा नं. ४.८ बमोजिम हुने ।
२. कतिपय कर्मचारीहरुले कार्यसम्पादन मूल्याङ्कन फाराम भरी पेश गर्दा तोकिएका प्रतिहरु नभरी एक प्रति मात्र भरी अन्य प्रति फोटोकपी गरी पेश गरेको बुझिन आएकोले त्यसरी पेश हुन आएका फोटोकपी कार्यसम्पादन मूल्याङ्कन फारम नबुझ्ने वा त्यस्ता फोटोकपी का.स.मू. फारामको मूल्याङ्कन नगर्ने ।

पुनश्चः- यस सम्वन्धमा थप केही कुरा बुझ्न आबश्यक भएमा देहायका कर्मचारीहरुलाई सम्पर्क कर्मचारी तोकिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

अधिकृत आठौं श्री बिनोद पौडेल ९७६१३३११८१
अधिकृत छैठौं श्री पुरुषोत्तम मिश्र ९८४५२८९४४०

(बिनोद पौडेल)
अधिकृत आठौं

फोन नं.०५७५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स नं.: ५२७५०७ वेबसाइट:www.ocmcm.bagamati.gov.np ईमेल:ocmcm.bagamati@gmail.com